# मध्यपश्चिम विश्वविद्यालय

## वीरेन्द्रनगर, सुर्खेत, नेपाल

# वैकल्पिक तथा भौतिक विधिबाट परीक्षा सञ्चालन, व्यवस्थापन र मूल्याङ्कन कार्यविधि २०७८

## वैकल्पिक तथा भौतिक विधिबाट परीक्षा सञ्चालन, व्यवस्थापन र मूल्याङ्कन कार्यविधि २०७८

### प्रस्तावना

विश्वव्यापी रूपमा फैलिएको कोरोना भाइरस महामारी (COVID–19) ले शिक्षासहित मानव जीवनका हरेक क्षेत्रलाई व्यापक असर गरेको परीप्रेक्षमा लामो समयदेखि भौतिक रूपमामात्र उपस्थित भएर परम्परागत ढङ्गले अध्ययन, अध्यापन र परीक्षामा सहभागी हुन असहज अवस्था भएको र शिक्षा क्षेत्रमा परेको प्रभावलाई न्यूनीकरण गर्दै शैक्षिक सत्रलाई लम्बिन नदिनका लागि महामारीको विषम परिस्थितिमा वैकल्पिक र भौतिक दुबै माध्यमबाट सत्रान्त परीक्षा सञ्चालन गर्नुपर्ने देखिन्छ। यस परिस्थितिलाई मध्यनजर गर्दै विश्वविद्यालय अनुदान आयोग (UGC) को मिति २०७७ आषाढ १९ गते जारी गरिएको "उच्च शिक्षामा वैकल्पिक प्रणालीबाट सिकाइ सहजीकरण निर्देशिका २०७७" तथा मध्यपश्चिम विश्वविद्यालयको "Digital, Virtual and Alternative Teaching-Learning and Operating Systems Policy Guidelines, 2020" एवम् मध्यपश्चिम विश्वविद्यालय सङ्गठन र शैक्षिक-प्रशासनिक नियमावली २०६९ को नियम ७४ र उपनियम १८२ बमोजिम मध्यपश्चिम विश्वविद्यालयले वैकल्पिक तथा भौतिक विधिबाट परीक्षा सञ्चालन, व्यवस्थापन र मूल्याङ्कन कार्यविधि २०७८ तयार गरी जारी गरिएको छ।

### परिच्छेद - १
### संक्षिप्त नाम र प्रारम्भ

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम "वैकल्पिक तथा भौतिक विधिबाट परीक्षा सञ्चालन, व्यवस्थापन र मूल्याङ्कन कार्यविधि २०७८" हुनेछ।

(२) यो कार्यविधि प्राज्ञिक परिषद्ले पारित गरेको मिति वि.सं.२०७८ भाद्र १४ गतेदेखि लागु हुनेछ।

### परिच्छेद - २
### परिभाषा

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा, -

(क) "विश्वविद्यालय" भन्नाले मध्यपश्चिम विश्वविद्यालय ऐन २०६७ को दफा ३ बमोजिम स्थापना भएको मध्यपश्चिम विश्वविद्यालय सम्झनुपर्दछ।

(ख) "ऐन" भन्नाले मध्यपश्चिम विश्वविद्यालय ऐन २०६७ लाई सम्झनुपर्दछ।

(ग) "नियमावली" भन्नाले मध्यपश्चिम विश्वविद्यालय संगठन तथा शैक्षिक-प्रशासनिक नियमावली २०६९, आर्थिक-प्रशासनिक नियमावली २०६९ र शिक्षक-कर्मचारी नियमावली २०६९ लाई सम्झनुपर्दछ।

(घ) "प्राज्ञिक परिषद्" भन्नाले मध्यपश्चिम विश्वविद्यालय ऐन २०६७ को दफा १० बमोजिमको प्राज्ञिक परिषद्लाई सम्झनुपर्दछ।

(ङ) "परीक्षा विधि" भन्नाले वैकल्पिक र भौतिक विधिको परीक्षालाई सम्झनुपर्दछ।

(च) "वैकल्पिक विधिको परीक्षा" भन्नाले इन्टरनेटबाट Zoom Platform मा विद्यार्थी आफ्नो तोकिएको परीक्षा केन्द्रबाट पाएक पर्ने गोप्य र सुरक्षित स्थानमा बसेर Audio Visual मा प्रस्ट देखिने, सुनिने गरी सम्बन्धित निरीक्षकको निगरानीमा रही सम्बन्धित परीक्षा केन्द्रबाट उपलब्ध भएको उत्तरपुस्तिकामा सत्रान्त परीक्षाको उत्तर लेखी तोकिएको समय सीमाभित्र सम्बन्धित परीक्षाकेन्द्रमा भौतिक रुपमा स्वयं उपस्थित भएर उत्तरपुस्तिका बुझाउने परीक्षा विधिलाई सम्झनुपर्दछ।

मध्यपश्चिमाञ्चल विश्वविद्यालय Mid-Western University Estd. 2067

(छ) "भौतिक विधिको परीक्षा" भन्नाले तोकिएको परीक्षाकेन्द्रमा परीक्षार्थी स्वयं उपस्थित भई परीक्षा केन्द्रबाटै भौतिक रुपमा परीक्षा दिने विधिलाई सम्झनुपर्दछ ।

(ज) "परीक्षा संचालन समिति" भन्नाले मध्यपश्चिम विश्वविद्यालय परीक्षा व्यवस्थापन कार्यालयद्वारा प्रकाशित कार्यविधि अनुसारको वैकल्पिक र भौतिक विधिबाट परीक्षा सञ्चालन गर्न गठित परीक्षा संचालन समितिलाई सम्झनुपर्दछ ।

(झ) "शिक्षक" भन्नाले मध्यपश्चिम विश्वविद्यालयमा प्राध्यापन गर्ने सम्पूर्ण शिक्षकहरुलाई सम्झनुपर्दछ ।

(ञ) "विद्यार्थी" वा "परीक्षार्थी" भन्नाले वैकल्पिक र भौतिक विधिबाट संचालन हुने परीक्षामा सहभागी हुने नियमित र आंशिक परीक्षार्थीलाई सम्झनुपर्दछ ।

(ट) "परीक्षाकेन्द्र" भन्नाले वैकल्पिक र भौतिक विधिको परीक्षा सञ्चालनहुने मध्यपश्चिम विश्वविद्यालय अन्तर्गतका केन्द्रीय क्याम्पस, स्कुल, आङ्गिक क्याम्पस र सम्बन्धन प्राप्त शैक्षिक संस्थालाई सम्झनुपर्दछ ।

(ठ) "शैक्षिक संस्था" भन्नाले मध्यपश्चिम विश्वविद्यालय अन्तरगतका केन्द्रीय क्याम्पस, स्कुल, आङ्गिक क्याम्पस र सम्बन्धन प्राप्त शैक्षिक संस्थालाई सम्झनुपर्दछ ।

## परिच्छेद -३
## परीक्षा सञ्चालन प्रक्रिया सम्बन्धी व्यवस्था

**३. परीक्षामा सहभागीताका विकल्पहरु :** (१) यस कार्यविधि अन्तरगत सञ्चालन हुने परीक्षामा विद्यार्थीहरुले वैकल्पिक वा भौतिक विधि मध्ये कुनै एक रोजेको विधिबाट परीक्षा दिन पाउनेछन् ।

(२) परीक्षामा सहभागी हुने विकल्प छनौटका लागि बढीमा पाँच दिनको समय दिएर परीक्षा व्यवस्थापन कार्यालयले एउटा प्रश्नावली तयार गरी Google Sheet मा उत्तर प्राप्त हुने गरी सम्पूर्ण विद्यार्थीहरुलाई सम्बन्धित क्याम्पस स्थित परीक्षा केन्द्रबाट Link उपलब्ध गराइनेछ ।

(३) सम्बन्धित परीक्षा केन्द्रबाट प्राप्त भएको Link मा भएको विवरण भरेर सम्पूर्ण विद्यार्थीहरुले वैकल्पिक वा भौतिक विधि मध्ये कुनै एक विधि छनौट गरी पठाउनु पर्नेछ ।

(४) परीक्षा विधि छनौट प्रश्नावलीमा सहभागी नभएका विद्यार्थीहरुले स्वतः भौतिक विधि अन्तरगत परीक्षा दिनु पर्नेछ ।

(५) विद्यार्थीले एक पटक कुनै परीक्षा विधि छनौट गरिसकेपछि सो विधि परिवर्तन गर्न पाइनेछैन ।

(६) दुई वा दुई भन्दा बढी सेमेस्टरको परीक्षामा सहभागी हुने परीक्षार्थीले कुनै एक विधिबाट मात्र सबै सेमेस्टरको परीक्षामा सहभागी हुन पाउनेछन् ।

**४. वैकल्पिक विधिको परीक्षा :** (१) वैकल्पिक विधिबाट सञ्चालन गरिने परीक्षाका लागि देहायबमोजिमका आवश्यक प्रकियाहरु अवलम्बन गरिनेछ :

(क) परीक्षा सञ्चालन गर्ने हरेक संकायका केन्द्रीय क्याम्पस, स्कुल, आङ्गिक क्याम्पस र सम्बन्धनप्राप्त शैक्षिक संस्थाले विभिन्न तह र सेमेस्टर अन्तरगत विभिन्न विषयहरुमा अध्ययनरत विद्यार्थीहरुको वैकल्पिक माध्यमबाट परीक्षा सञ्चालन गर्न आवश्यक Zoom Platform को व्यवस्था गर्नुपर्नेछ ।

(ख) परीक्षा सञ्चालन गरिने हरेक संकायका केन्द्रीय क्याम्पस, स्कुल, आङ्गिक क्याम्पस र सम्बन्धन प्राप्त शैक्षिक संस्थाले विश्वसनीय इन्टरनेट सेवा, वैकल्पिक बिजुलीको व्यवस्था, कम्प्युटर, ल्यापटप, प्रिन्टर आदिको प्रबन्ध गर्नुपर्नेछ।

(ग) परीक्षामा संलग्न हुने विद्यार्थीहरुको इमेल ठेगाना सम्बन्धित शैक्षिक संस्थाले परीक्षा हुनुभन्दा अगावै लिएर व्यवस्थित ढङ्गले अभिलेख गर्नुपर्नेछ र सोही इमेलमा परीक्षाको Zoom ID उपलब्ध गराईनेछ।

(घ) परीक्षाको प्रश्नपत्र परीक्षार्थीलाई पठाउँदा Zoom प्रविधि प्रयोग गरी सम्बन्धित केन्द्राध्यक्षको निगरानीमा निरीक्षक मार्फत पठाइनेछ र प्रत्येक २५ मिनेटको अन्तरालमा क्रमैसंग प्रश्नहरु उपलब्ध गराइनेछ। ३ घण्टा भन्दा छोटो वा लामो समयको प्रश्नपत्रको हकमा सोही अनुपातको समयान्तरालमा क्रमैसंग प्रश्नहरु उपलब्ध गराइनेछ। यदि कुनै विद्यार्थीले सो समय भन्दा अगाडी उत्तर लेखिसकेमा वा सो प्रश्नको उत्तर लेख्न नसकेमा यथास्थितिमा नै अर्को प्रश्नको प्रतिक्षामा बस्नुपर्नेछ।

(ङ) वैकल्पिक विधिबाट परीक्षामा सहभागी हुँदा परीक्षार्थीले आफ्नो पुरा नाम र परीक्षाको रोल नंबर लेखी Zoom Platform मा व्यवस्था गरिएको परीक्षा हलमा तोकिएको समय भित्रै प्रवेश गरिसक्नुपर्नेछ।

(च) परीक्षार्थीले परीक्षा शुरु भएको एक घण्टा पछि परीक्षा अवधिमा बढीमा ५ मिनेट शौचालय प्रयोजनका लागि निरीक्षकको अनुमतिमा एउटा परीक्षामा एक पटक मात्र परीक्षा स्थल छोड्न पाइनेछ।

(छ) निरीक्षकले Zoom Platform मा सहभागी भएका विद्यार्थीहरुको हाजिरी रेकर्डको अभिलेख राख्नेछ र त्यसै रेकर्डको आधारमा परीक्षाकेन्द्रमा विद्यार्थीको उत्तरपुस्तिका केन्द्राध्यक्षले रुजु गरी बुझ्नुपर्नेछ। परीक्षाको निरीक्षण निरीक्षकले परीक्षाकेन्द्रमै उपस्थित भएर गर्नुपर्नेछ।

(ज) परीक्षा समाप्त भएको समयले बढीमा ३० मिनेट भित्र परीक्षार्थी स्वयंले आफ्नो उत्तरपुस्तिका सम्बन्धित परीक्षाकेन्द्रमा बुझाउनुपर्नेछ। सो अवधिभित्र उत्तरपस्तिका नबुझाउने परीक्षार्थीलाई अनुपस्थित कायम गरिनेछ। यसरी तोकिएको समयमा उत्तरपुस्तिका आफ्नो परीक्षाकेन्द्रमा बुझाउन सकिने स्थानमा गोप्य र सुरक्षित तरिकाले बस्ने व्यवस्था स्वयं परीक्षार्थीले मिलाउनुपर्नेछ।

(झ) विद्यार्थीहरुलाई पहिलो दिनको परीक्षाको लागि सम्बन्धित परीक्षाकेन्द्रबाट परीक्षाको अघिल्लो दिन (विहान ८:०० बजे देखि दिउसो ४:०० बजे सम्म) प्रवेशपत्रको आधारमा उत्तरपुस्तिका उपलब्ध गराईनेछ। अन्य दिनको हकमा परीक्षाको उत्तरपुस्तिका बुझाउँदाखेरि नै अर्को दिनको लागि उत्तरपुस्तिका उपलब्ध गराइनेछ। उत्तरपुस्तिका उपलब्ध गराउँदा एक विषयको लागि एक पटकमा एक थान मूल उत्तरपुस्तिका र तीनथान थप उत्तरपुस्तिकाहरु प्रवेशपत्रको आधारमा रेकर्ड गरी सम्बन्धित परीक्षार्थीलाई उपलब्ध गराईनेछ। प्रत्येक दिनको उत्तरपुस्तिका परीक्षाकेन्द्रमा फिर्ता बुझाउँदा प्रयोग नभएको थप उत्तरपुस्तिका पनि फिर्ता गर्नु पर्नेछ।

**५. भौतिक विधिको परीक्षा :** भौतिक उपस्थितिमा परीक्षा दिने विद्यार्थीको लागि मध्यपश्चिम विश्वविद्यालय परीक्षा व्यवस्थापन कार्यालयले जारी गरेको सूचना तथा तालिकाको अधिनमा रही सम्बन्धित परीक्षाकेन्द्रमा यस भन्दा अगाडी सञ्चालन भएका भौतिक परीक्षा जस्तै गरेर परीक्षा सञ्चालन गरिनेछ। यसरी परीक्षा सञ्चालन गर्दा स्वास्थ्य सुरक्षाका तोकिएका सम्पूर्ण मापदण्डहरु पूरा गरी सञ्चालन गरिनेछ।

**६. वैकल्पिक तथा भौतिक विधिको परीक्षाको तालिका र समय :** (१) परीक्षा व्यवस्थापन कार्यालयले परीक्षाको तालिका प्रकाशित गर्नेछ।

(२) वैकल्पिक र भौतिक दुबै विधि अन्तरगत सञ्चालन हुने प्रत्येक विषयको परीक्षामा उत्तरलेख्ने समय ३:०० (तीन) घण्टाको हुनेछ ।

(३) वैकल्पिक र भौतिक दुबै विधि अन्तरगत सञ्चालन हुने प्रत्येक विषयको परीक्षामा १५ मिनेट अगाडी नै परीक्षार्थी उपस्थित भैसक्नुपर्नेछ ।

(४) इन्जिनियरिङ्ग संकाय, स्नातकतहको Engineering Professional Practice विषयको परीक्षा २५ पूर्णाङ्कको हुनेहुँदा यस विषयमा दुबै विधितर्फ परीक्षा समय १ घण्टा ३० मिनेटको हुनेछ ।

(५) इन्जिनियरिङ्ग संकाय, स्नातकतहको Engineering Drawing विषयमा दुबै विधितर्फ परीक्षा समय एक घण्टा थप दिइनेछ ।

(६) माथिको ४ नंबर जस्तै प्रकृतिका अन्य विषयका हकमा समेत सोही बमोजिम प्रश्नपत्र र समयको ब्यवस्था मिलाईनेछ ।

**७. परीक्षाकेन्द्रमा प्रश्नपत्रको ब्यवस्थापन :** (१) प्रत्येक दिनको परीक्षा सुरु हुनुभन्दा दुई घण्टा पहिले परीक्षा व्यवस्थापन कार्यालयले केन्द्राध्यक्षलाई परीक्षाको प्रश्नपत्र गोप्य ईमेलमार्फत उपलब्ध गराईनेछ र तत्पश्चात संबन्धित परीक्षाकेन्द्रस्थित परीक्षा सञ्चालन समितिले गोपनियता अपनाई आवस्यकतानुसार प्रिन्ट गरी भौतिक प्रश्नपत्रहरुको व्यवस्थापन गर्नु पर्नेछ । साथै वैकल्पिक विधिबाट सञ्चालन गरिने परीक्षाकालागि समेत परीक्षा व्यवस्थापन कार्यालयको निर्देशानुसार व्यवस्थापन गर्नु पर्नेछ ।

**८. वैकल्पिक तथा भौतिक विधिबाट परीक्षा सञ्चालन समिति** : (१) वैकल्पिक तथा भौतिक विधिबाट सञ्चालन गर्ने परीक्षालाई प्रभावकारी बनाउन विश्वविद्यालयका हरेक परीक्षाकेन्द्रमा निम्नानुसारको परीक्षा सञ्चालन समिति गठन गर्नेछ :

(क) क्याम्पस प्रमुख - केन्द्राध्यक्ष

(ख) सहायक क्याम्पस प्रमुख र बरिष्ठ शिक्षक मध्येबाट क्याम्पस प्रमुखले नियूक्त गरेका सहायक केन्द्राध्यक्ष - २ जना

(ग) परीक्षाकेन्द्र रहने शैक्षिक संस्थाका सम्पूर्ण शिक्षण समिति प्रमुख, विभागिय प्रमुख वा कार्यक्रम संयोजक - सदस्यहरु

(घ) क्याम्पस प्रमुखले तोकेको सोही परीक्षाकेन्द्रमा कार्यरत एकजना शिक्षक वा कर्मचारी - सूचना तथा प्रविधि सम्बन्धी काम गर्ने सदस्य

(२) परीक्षा सञ्चालन समिति परीक्षा व्यवस्थापन कार्यालयप्रति उत्तरदायी रहनेछ । यसरी गठित परीक्षा सञ्चालन समितिको काम कारबाहीलाई सम्बन्धित संकायको डीन वा सहायक डीनले प्रत्यक्ष निगरानी गर्नेछन् । परीक्षालाई व्यवस्थित, मर्यादित र विश्वसनीय बनाउन परीक्षा सञ्चालन समितिलाई आवश्यक सुझाव, सल्लाह तथा निर्देशन दिन सक्नेछन् ।

**९. प्राविधिक समिति :** (१) वैकल्पिक तथा भौतिक विधिबाट सञ्चालन गर्ने परीक्षालाई प्राविधिक सहयोग गर्न परीक्षा व्यवस्थापन कार्यालयको मातहतमा रही एक जनाले एउटा संकाय हेर्ने गरी पाँच सदस्यीय प्राविधिक समिति गठन गरिनेछ । निज प्राविधिक सदस्यहरुको नियूक्ति परीक्षा व्यवस्थापन प्रमुखको सिफारिसमा उपकुलपतिबाट हुनेछ ।

(२) प्राविधिक समितिले परीक्षामा सहभागी हुने केन्द्राध्यक्ष, निरीक्षक तथा अन्य शिक्षक कर्मचारीहरुलाई परीक्षा सञ्चालन सम्बन्धमा अभिमुखिकरण, वैकल्पिक विधिबाट प्रश्नपत्र वितरण गर्ने विधि, परीक्षार्थीको Audio Visual रेकर्ड गर्ने विधि र अन्य आवश्यक पर्ने प्राविधिक विषयमा तालिम प्रदान गर्नुपर्नेछ । साथै परीक्षा सञ्चालनको समयमा आईपर्ने अन्य प्राविधिक समस्याहरु

मध्यपश्चिमाञ्चल विश्वविद्यालय
Mid-Western University

समाधान गर्न परीक्षा मूल समिति र परीक्षाकेन्द्र स्थित परीक्षा सञ्चालन समितिलाई आवश्यक प्राविधिक सहयोग गर्नुपर्नेछ ।

**१०. वैकल्पिक तथा भौतिक विधिबाट परीक्षा सञ्चालन समितिको काम कर्तव्य र अधिकार :** (१) वैकल्पिक तथा भौतिक विधिबाट सञ्चालन गर्ने परीक्षालाई प्रभावकारी बनाउन विश्वविद्यालयका हरेक परीक्षाकेन्द्रमा रहने परीक्षा समितिको देहायबमोजिमका काम, कर्तव्य र अधिकार हुनेछ :

(क) वैकल्पिक तथा भौतिक विधिबाट गरिने परीक्षासम्बन्धी सम्पूर्ण प्राविधिक, सैद्धान्तिक एवम् विषयगत पक्षहरूको व्यवस्थापन एवम् कार्यान्वयन सम्बन्धी सम्पूर्ण कार्य गर्ने ।

(ख) परीक्षा सञ्चालनमा संलग्न जनशक्ति शिक्षक, कर्मचारी र विद्यार्थीहरुका लागि वैकल्पिक तथा भौतिक विधिबाट सञ्चालन हुने परीक्षाका बारेमा विद्युतीय तथा भौतिक माध्यमबाट आवश्यक सल्लाह, सुझाव तथा छलफल गर्ने ।

(ग) परीक्षा व्यवस्थापन कार्यलयबाट पठाएको विद्यार्थी ट्रिप्लिकेट अनुसार विद्यार्थीहरूलाई परीक्षा तालिका बमोजिम परीक्षार्थीले छनौटगरेको विधिबाट परीक्षामा समावेशहुने व्यवस्था मिलाउने ।

(घ) परीक्षार्थीहरुबाट प्राप्त उत्तरपुस्तिकाहरू सङ्कलन गरिसकेपछि विषय अनुसार पोका बनाएर परीक्षा व्यवस्थापन कार्यालयले खटाएको पर्यवेक्षकको रोहवरमा सिलगरी लाहाछाप लगाई नजिकको प्रहरी चौकीमा लिएर राख्नु पर्नेछ । सम्पूर्ण बिषयको परीक्षा समाप्त भए पश्चात सम्बन्धित केन्द्राध्यक्षले परीक्षा व्यवस्थापन कार्यालयमा बुझाउनु पर्नेछ । तर यसरी संकलन भएका उत्तरपुस्तिका केन्द्रीय क्याम्पसहरुको हकमा सोही दिन परीक्षा व्यवस्थापन कार्यालयमा बुझाउनुपर्नेछ ।

(ङ) उत्तरपुस्तिकाको पोकाभित्र विद्यार्थीको विवरण (Details of the Content of the Packet) र विद्यार्थी हाजिरी विवरण अनिवार्य पठाउनुपर्नेछ ।

(च) दुवै विधिबाट सहभागी हुने परीक्षार्थीहरुकालागि प्रवेशपत्र सम्बन्धित परीक्षाकेन्द्रबाट भौतिक रुपमा उपलब्ध गराईनेछ र प्रवेशपत्र विना परीक्षा सम्बन्धी कुनै पनि कार्यमा समाबेश गरिनेछैन ।

(छ) परीक्षार्थीहरुलाई लेख्नको लागि उत्तरपुस्तिका वितरण गर्ने र परीक्षा समाप्त भएपछि उत्तरपुस्तिका संकलन गर्ने सम्बन्धी आवश्यक कार्य गर्ने ।

## परिच्छेद - ४
## प्रश्नपत्र सम्बन्धी व्यवस्था

**११. प्रश्नपत्रको ढाँचा :** (१) वैकल्पिक तथा भौतिक विधिबाट लिइने परीक्षाका प्रश्नपत्रहरूको ढाँचा एउटै हुनेछ जसको विस्तृत विवरण देहायबमोजिम निर्धारण गरिएकोछ :

(क) सत्रान्त परीक्षाको भार ६०% भएका विषयमा समान १० अंकका जम्मा ६ वटा प्रश्नहरु सोधिनेछ । प्रश्न नम्बर ३ र ५ मा एक-एक वटा वैकल्पिक प्रश्नहरु समेत दिईनेछ ।

(ख) सत्रान्त परीक्षाको भार ५०% भएका विषयमा समान १० अंकका जम्मा ५ वटा प्रश्नहरु सोधिनेछ । प्रश्न नम्बर ३ र ५ मा एक-एक वटा वैकल्पिक प्रश्नहरु समेत दिईनेछ ।

(ग) सत्रान्त परीक्षाको भार २५% भएका विषयमा समान ५ अंकका जम्मा ५ वटा प्रश्नहरु सोधिनेछ । प्रश्न नम्बर ३ र ५ मा एक-एक वटा वैकल्पिक प्रश्नहरु समेत दिईनेछ ।

(घ) प्रश्नपत्र तयार गर्दा सम्बन्धित बिषयको पाठ्यभार र सम्पूर्ण पाठ्यक्रमलाई समेटी विद्यार्थीले हासिल गरेको ज्ञानलाई व्यावहारिक ढङ्गले मापन गर्ने गरी ज्ञानमूलक, विश्लेषणत्मक, अनुसन्धानात्मक, समीक्षात्मक, समस्या समाधानमूलक र सिर्जनात्मक प्रश्नहरू सोध्नुपर्नेछ ।

(ङ) परीक्षाको विश्वसनीयता, प्राज्ञिक विशिष्टता र वस्तुनिष्ठ मान्यता कायम गर्ने गरी प्रश्नपत्र परिमार्जकले परीक्षा व्यवस्थापन कार्यालयले तोकेको मापदण्ड अनुरूप प्रश्नपत्र परिमार्जन गर्नुपर्नेछ ।

(च) हरेक प्रश्नको उत्तर विद्यार्थीहरुले २० देखि २५ मिनेट भित्रै लेख्न सक्ने ढाँचाको प्रश्नपत्र सम्बन्धित प्रश्नपत्र मोडरेटरले सुनिश्चित गर्नुपर्नेछ । २५ पूर्णाङ्कको विषयको हकमा हरेक प्रश्नको उत्तर विद्यार्थीहरुले १० देखि १५ मिनेट भित्रै लेख्न सक्ने ढाँचाको प्रश्नपत्र तयार गर्नुपर्नेछ ।

## परिच्छेद - ५
## प्रयोगात्मक र आन्तरिक परीक्षा सम्बन्धी व्यवस्था

**१२. प्रयोगात्मक र आन्तरिक परीक्षा सम्बन्धी व्यवस्था :** (१) मध्यपश्चिम विश्वविद्यालयका विभिन्न शैक्षिक संस्थामा सञ्चालन हुने प्रयोगात्मक तथा आन्तरिक परीक्षाहरु देहायबमोजिम सञ्चालन हुनेछन् :

(क) सम्बन्धित शैक्षिक संस्थाले अनुकूल समयमा वा सेमेस्टरको परीक्षा सकिए पछि आवश्यक सामाजिक दुरी कायम राख्दै स्वास्थ्य सम्बन्धी आवश्यक मापदण्ड अपनाई प्रयोगात्मक परीक्षा सम्पन्न गरेर विद्यार्थीको मूल्यांकन परीक्षा व्यवस्थापन कार्यालयमा पठाउनुपर्नेछ ।

(ख) आन्तरिक र प्रयोगात्मक परीक्षाको गुणस्तर र विश्वसनीयता कायम गर्ने तथा यसको व्यवस्थापन, सञ्चालन, मूल्याङ्कन लगायत सम्पूर्ण कार्यहरु गर्न सम्बन्धित शैक्षिक संस्थालाई साबिक कै व्यबस्था बमोजिम जिम्मेवारी प्रदान गरिएको छ ।

(ग) प्रत्येक शैक्षिक संस्थाले आन्तरिक मूल्याङ्कनको प्राप्ताङ्क सत्रान्त परीक्षा अवधिभित्रै परीक्षा व्यवस्थापन कार्यालयमा पठाउनुपर्नेछ ।

## परिच्छेद - ६
## उत्तरपुस्तिका मूल्याङ्कन सम्बन्धी व्यवस्था

**१३. उत्तरपुस्तिका मूल्याङ्कन सम्बन्धी व्यवस्था :** उत्तरपुस्तिकाको मूल्याङ्कन प्रक्रियामा गरिने कोडिङ, डिकोडिङ, परीक्षण तथा सम्परीक्षण र पुनर्योग सम्बन्धी सम्पूर्ण कार्यहरु परीक्षा व्यबस्थापन कार्यालयको विद्यमान व्यवस्था बमोजिम हुनेछन् ।

## परिच्छेद - ७
## पारिश्रमिक सम्बन्धी व्यवस्था

**१४. पारिश्रमिक सम्बन्धी व्यवस्था :** (१) वैकल्पिक तथा भौतिक विधिबाट संचालन हुने परीक्षामा प्रत्यक्ष संग्लन भई परीक्षा सम्बन्धी कार्य सम्पादन गर्ने व्यक्ति, विभिन्न समिति तथा निकायका पदाधिकारीहरुलाई देहाय बमोजिमको पारिश्रमिक निर्धारण गरिएको छ :

(क) परीक्षा सञ्चालन समितिलाई परीक्षाको समय तालिका अनुसार परीक्षा सञ्चालन गराएवापत प्रति सिफ्ट देहायबमोजिमको पारिश्रमिक उपलब्ध गराईनेछ :

| | |
|---|---|
| केन्द्राध्यक्ष : | रु. १,०००/- |
| सहायक केन्द्राध्यक्ष : | रु. ९००/- |
| विभागिय प्रमुख सदस्य : | रु. ७००/- |
| शिक्षक वा कर्मचारी सदस्य : | रु. ६००/- |

मध्यपश्चिमाञ्चल विश्वविद्यालय Mid-Western University Estd. 2067 सुर्खेत, नेपाल Surkhet, Nepal

(ख) परीक्षा समिति एवं परीक्षामा खटेका प्रत्येक व्यक्तिलाई परीक्षा सञ्चालन भएको दिन खाजा खर्चबापत प्रति सिफ्ट प्रतिव्यक्ति रु.१५०/- का दरले प्रदान गरिनेछ ।

(ग) परीक्षा सन्चालन समितिले आ-आफ्नो परीक्षाकेन्द्रमा आवश्यकता अनुसार थप निरीक्षक वा रनर, कर्मचारी र कार्यालय सहयोगी प्रयोग गर्न सक्नेछ। उक्त कार्य गराएबापत परीक्षा सञ्चालन भएको दिन निरीक्षक र रनरलाई प्रति सिफ्ट रु ८००/- र कार्यालय सहयोगीलाई प्रति सिफ्ट रु.४००/- का दरले पारिश्रामिक उपलब्ध गराइनेछ ।

(घ) परीक्षा व्यबस्थापन कार्यालयमा कार्यरत पदाधिकारीलाई परीक्षा संचालन भएको दिन प्रमुखलाई प्रति सिफ्ट रु. १,२००/- र सह-प्रमुखलाई रु.१,१००/- का दरले पारिश्रमिकको व्यबस्था गरिने छ ।

(ङ) परीक्षा सञ्चालन प्रक्रियामा सहभागी प्रश्नपत्र निर्माणकर्ता (Question–Setter), प्रश्नपत्र परिमार्जनकर्ता (Moderator), उत्तरपुस्तिका परीक्षक (Examiner) र सम्परीक्षक (Scrutinizer) हरूको पारिश्रमिक परीक्षा व्यवस्थापन कार्यालयको प्रचलित नियमानुसार प्रदान गरिनेछ ।

(च) परीक्षा व्यवस्थापन कार्यालयमा सहयोग पुर्‍याउने प्राविधिक सदस्यहरुलाई परीक्षाको दुई महिनाका लागि मासिक रु १५,०००/- का दरले पारीश्रमिक भुत्तानी गरिनेछ। सो भुक्तानी परीक्षा व्यवस्थापन कार्यालयबाट गरिनेछ ।

(छ) परीक्षाकेन्द्रमा सहयोग पुर्‍याउने प्राविधिक सदस्यलाई परीक्षा अवधिको एक महिनाका लागि मासिक रु १५,०००/- का दरले पारीश्रमिक भुक्तानी गरिनेछ। सो भुक्तानी परीक्षा व्यवस्थापन कार्यालयबाट गरिनेछ ।

## परिच्छेद - ८
## परीक्षा आचार संहिता सम्बन्धी व्यवस्था

**१५. परीक्षा आचार संहिता :** (१) मध्यपश्चिम विश्वविद्यालय सङ्गठन र शैक्षिक-प्रशासनिक नियमावली २०६९ को नियम १२६ र मध्यपश्चिम विश्वविद्यालय शिक्षक-कर्मचारी नियमावली २०६९ को नियम ६६ मा तोकिएको आचार संहिताहरूका अतिरिक्त परीक्षा व्यवस्थापन कार्यालयद्वारा सञ्चालन गरिने वैकल्पिक तथा भौतिक विधिको सत्रान्त परीक्षालाई मर्यादित र विश्वसनीय बनाउनका लागि देहायबमोजिमको आचार संहिता सम्बन्धित सबै शिक्षक, कर्मचारी र विद्यार्थीहरुले पालना गर्नुपर्नेछ :

(क) सबै परीक्षार्थीहरुले व्यक्तिको गोपनीयताको पालना गर्नुका साथै लिखित वा मौखिक रूपमा परीक्षासँग सम्बन्धित सामग्रीहरु साटफेर गर्न, फेसबुकलगायत अन्य सामाजिक सञ्जालका माध्यमबाट हेराफेरी गर्न पाइनेछैन ।

(ख) परीक्षाका लागि आवश्यक अविछिन्न इन्टरनेट, विद्युत र विद्युतीय उपकरणको उपलब्धताको परीक्षार्थी आफैले सुनिस्चितता गरेरमात्र वैकल्पिक विधिको छनौट गर्नुपर्नेछ। सो उपलब्धता नभई परीक्षा छुट्न गएमा विद्यार्थी स्वयं जिम्मेवार हुनेछन् ।

(ग) वैकल्पिक विधिबाट सहभागी परीक्षार्थीले प्रत्येक विषयको परीक्षा समयावधीभर Zoom Link मा Live रही Audio Visual Mode on गरी आफू र आफ्नो आसपासको स्थान प्रस्ट देखिनेगरी बस्नुपर्नेछ ।

(घ) परीक्षार्थीले पटक-पटक Audio Visual Mode off गर्ने, आफू परीक्षा दिन बसेको स्थानबाट स्थानान्तर हुने, विभिन्न व्यक्तिहरुको आवतजावत हुने, अन्य व्यक्तिसंग भौतिक वा विधुतिय माध्यमबाट कुराकानी गर्ने वा परीक्षाको मर्यादालाई प्रतिकुल हुने अन्य कुनै कार्य गरेको पाइएमा सम्बन्धित निरीक्षकले तुरुन्त सजग गराउनुपर्नेछ । सजग गराउँदा पनि परीक्षार्थीको व्यवहारमा सुधार नआएमा केन्द्राध्यक्षलाई तुरुन्त जानकारी गराई त्यस्ता परीक्षार्थीको सो विषयको परीक्षा

केन्द्राध्यक्षले रद्दगर्न सक्नेछ । दुबै विधि अन्तरगत परीक्षा रद्दगर्ने प्रक्रिया भौतिक परीक्षा सञ्चालन गर्दाको प्रचलित नियमानुसार हुनेछ । यदि कुनै परीक्षार्थी कारबाहीमा परी परीक्षा रद्द भएमा केन्द्राध्यक्षले कारबाहीमा पर्ने परीक्षार्थीको सिम्बल नम्बर उल्लेख गरी सोही दिन सूचना प्रकाशन गर्ने र सोको जानकारी परीक्षा व्यवस्थापन कार्यालयमा दिनुपर्नेछ ।

(ङ) वैकल्पिक विधिबाट संचालन हुने परीक्षा सम्बन्धी आवश्यक सूचना सम्प्रेषण गर्न तथा यसलाई मर्यादित र व्यवस्थित रूपले सम्पन्न गर्न सम्पूर्ण विश्वविद्यालय पदाधिकारी, शिक्षक, कर्मचारी र विद्यार्थीको नैतिक जिम्मेवारी हुनेछ ।

(च) वैकल्पिक विधिबाट सञ्चालन हुने परीक्षाको सम्बन्धित निरीक्षकले Audio and Visual रेकर्ड गर्नु पर्नेछ । प्रत्येक दिनको परीक्षा सकिएपछि निरीक्षकले रेकर्ड गरेको Audio Visual को रेकर्ड केन्द्राध्यक्षलाई बुझाउनु पर्नेछ र केन्द्राध्यक्षले सबै निरीक्षकहरुबाट प्रत्येक विषयको Audio Visual प्राप्त गरिसकेपछि विषयगत रुपमा फोल्डर बनाई External Drive मा सुरक्षित रुपमा राखी सम्पूर्ण परीक्षाहरु सम्पन्न भइसकेपछि परीक्षा व्यवस्थापन कार्यालयमा पेश गर्नुपर्नेछ ।

(छ) परीक्षार्थीले उत्तर लेख्दा विश्वविद्यालयले सम्बन्धित विषयका लागि उपलब्ध गराएको सिरिएल नम्बर उल्लेख भएको प्रामाणिक उत्तरपुस्तिकामा मात्र लेख्नुपर्नेछ । अन्यथा त्यस्ता परीक्षार्थीको सो विषयको परीक्षा रद्द गरिनेछ ।

## परिच्छेद - ९
## विविध

**१६. कारवाहीका लागि शिफारिस गर्ने :** परीक्षार्थीले उत्तरपुस्तिकामा परीक्षाको नियम बिपरितको कार्य गरेको पाइएमा केन्द्राध्यक्षले त्यस्ता उत्तरपुस्तिकालाई आवश्यक कारबाहीकालागि मूल परीक्षा समितिमा शिफारिस गर्न परीक्षा व्यवस्थापन कार्यालयमा छुट्टै पेस गर्नुपर्नेछ । मूल परीक्षा समितिले परीक्षाको नियम बिपरित उत्तरपुस्तिका लेखेको पाइएमा त्यस्ता उत्तरपुस्तिका रद्द गर्नसक्नेछ ।

**१७. निरीक्षक र परीक्षार्थीको अनुपात :** वैकल्पिक विधिबाट हुने परीक्षाका लागि बढीमा ३० जना परीक्षार्थी बराबर एक जना निरीक्षकको व्यवस्था गरिनेछ र भौतिक विधिबाट हुने परीक्षाका लागि बढीमा २२ जना परीक्षार्थी बराबर एक जना निरीक्षकको व्यवस्था गरिनेछ ।

**१८. छुट हुन गएका विषयका सम्बन्धमा :** यस कार्यविधिमा छुट हुन गएका कुनै पनि विषय वस्तु परीक्षासंग सम्बन्धित विश्वविद्यालयको प्रचलित नियमानुसार हुनेछ ।

**१९. निर्देशिका खारेजी र कार्यविधि लागु सम्बन्धमा :** यस पूर्व अस्तित्वमा रहेको "वैकल्पिक विधिबाट परीक्षा सञ्चालन, ब्यवस्थापन र मुल्याङ्कन प्रणाली सम्बन्धी निर्देशिका २०७७" लाई खारेज गरी "वैकल्पिक तथा भौतिक विधिबाट परीक्षा सञ्चालन, व्यवस्थापन र मूल्याङ्कन कार्यविधि २०७८" लागु गरिएकोछ ।

मध्यपश्चिमाञ्चल विश्वविद्यालय Mid-Western University Estd 2067 सुर्खेत, नेपाल Surkhet, Nepal